# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बराहपोखरी गाउँपालिका

खोटाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बराहपोखरी गाउँपालिका
### खोटाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बराहपोखरी गाउँपालिका

खोटाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय**

(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १७४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बराहपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
खोटाङ ।

**कैफियतसहितको राय**

हामीले बराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ८३ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २० लाख ३८ हजार, नियमित गर्नुपर्ने रु ४२ लाख ५५ हजार र पेश्की रू. ५ लाख २५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १० करोड ७२ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ५६ लाख २१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

बराहपोखरी गाउँपालिका, खोटाङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | ७० | १८३५३ | ० | ० | ० | ३४ | ७० | १८३५३ | १५३५ | ४२५५ | १२०३८ | ० | ० | १६२९३ | ५२५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| खोटाङ | बराहपोखरी गाउँपालिका | १०७२६८ | ० | ० | १०७२६८ | ० | १८३५३ | १२५६२१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बराहपोखरी गाउँपालिका, खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नइन्द्र प्रसाद दाहाल | २०७९-५-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुमन अधिकारी | २०७९-६-६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १८,३५२,९६७.९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,९०,०६,८९५.३६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | २६,७३,५८,००० | चालु खर्च | २०,७६,०८,३४७.२१ |
| प्रदेश सरकारबाट अनुदान | १,९६,०६,००० | पूँजीगत खर्च | १२,१३,०५,५०५.६५ |
| राजश्व बाँडफाँट | ५,९७,७९,६९३.४५ | वित्तीय/अन्य व्यवस्था | ५,२८,१८,४०३ |
| आन्तरिक आय | १९,८६,६९७.४६ | | |
| अन्य आय | ५,३६,५५,७०९.४८ | | |
| कुल आय | ४०,२३,८६,१००.३९ | **कुल खर्च** | ३८,१७,३२,२५५.८६ |
| | **बाँकी मौज्दात** | | ५,९६,६०,७३९.८९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घोराइ उप-महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, १४१.६ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।<br><br>लेखापरीक्षणबाट औल्याए पश्चात सामाजिक सुरक्षा भत्ता बापतको रु.११,२४,४९२। केन्द्रिय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.१,९४,६६,७८२। र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु.५,६६,०८५। समेत रु.२,११,५७,३५९। मिति २०७९।५।२१ मा दाखिला भएको छ।<br><br>कार्यालयको आ.व. २०७८।७९ को प्रस्तुत आर्थिक विवरण र सो सँग सम्बन्धित आर्थिक कारोवारको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एवम् कार्यक्रम र व्यवस्थापन प्रतिनिधित्वपत्र समेतका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जटिल प्राविधिक विषय, सिमित समय, कमजोर अभिलेख एवम् सुचनाको अपर्याप्तताको सिमा भित्र रहि लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसँग छलफल गरी तत् पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तीय विवरण<br>सुत्र सफ्टवेयरले तयार गरेको वित्तीय विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><th colspan="9">प्रासी भुक्तानी हिसाव</th></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्रासि/भुक्तानी</td><td>वस्तुगत /सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्रासि/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ३५६६५३४९३ | ३५३९२९८१९.९० | | ३५३९२९८१९.९० | ३१५१५७९४८.७९ | | ३१५१५७९४८.७९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३५२६५३३९० | ३४६३५५६९३.४५ | ० | ३४६३५५६९३.४५ | ३०३७४४२८२.०५ | ० | ३०३७४४२८२.०५ |
| ११००० कर | ११ | ६५४७७३९० | ५९७७९६९३.४५ | ० | ५९७७९६९३.४५ | ५२२३१४६४.२० | ० | ५२२३१४६४.२० |
| १३००० अनुदान | | २८७१७६००० | २८६५७६००० | ० | २८६५७६००० | २५१५१२८१७.८५ | ० | २५१५१२८१७.८५ |
| संघीय सरकार | १२ | २६७५७०००० | २६६९७०००० | ० | २६६९७०००० | २३०५८७८१७.८५ | ० | २३०५८७८१७.८५ |
| प्रदेश सरकार | १२ | १९६०६००० | १९६०६००० | ० | १९६०६००० | २०९२५००० | ० | २०९२५००० |
| ख. अन्य प्राप्ति | | ४०००१०३ | ७५७४१२६.४५ | | ७५७४१२६.४५ | ११४१३६६६.७४ | | ११४१३६६६.७४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४०००१०३ | ५५५७८६६.९७ | ० | ५५५७८६६.९७ | ९६५६८७९.४७ | ० | ९६५६८७९.४७ |
| धरौटी | | ० | २०१६२५९.४८ | ० | २०१६२५९.४८ | १७५६७८७.२७ | ० | १७५६७८७.२७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ३९२१४६२१३ | ३३०१४५०८३.०९ | | ३३०१४५०८३.०९ | ३१४२७८८९७.२१ | | ३१४२७८८९७.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३८८१४६११० | ३२८९६६१३०.०९ | | ३२८९६६१३०.०९ | ३०७२७२२१९.७१ | | ३०७२७२२१९.७१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९९२८०००० | ८९६१४५६८.०२ | ० | ८९६१४५६८.०२ | ८८३६३८२३.८० | ० | ८८३६३८२३.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९३६८६८०० | ७७०५२४९१.७४ | ० | ७७०५२४९१.७४ | ६००६१८८९.२० | ० | ६००६१८८९.२० |
| २५००० सहायता (Subsidy) | १८ | ४२३२३००० | ३४२९६८९०.६८ | ० | ३४२९६८९०.६८ | २३०८५०७९.८० | ० | २३०८५०७९.८० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९१२०००० | ५०५४८२५ | ० | ५०५४८२५ | ४४७५४०१ | ० | ४४७५४०१ |
| २८००० अन्य खर्च | १८ | २३८२३१० | १५७०९६० | ० | १५७०९६० | २७८७०४३८.६८ | ० | २७८७०४३८.६८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४१३५४००० | १२१३७६३९४.६५ | ० | १२१३७६३९४.६५ | १०३४१५५८७.२३ | ० | १०३४१५५८७.२३ |
| घ. अन्य भूक्तानी | | ४०००१०३ | ११७८९५३ | | ११७८९५३ | ३१४२७८८९७.२१ | | ३१४२७८८९७.२१ |
| कोषहरु | | ४०००१०३ | १०५२९५३ | ० | १०५२९५३ | ५१८७११५.५० | ० | ५१८७११५.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १२६००० | ० | १२६००० | १८१९५६२ | ० | १८१९५६२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३५४९२७२०) | २३७८४७३६.८१ | | २३७८४७३६.८१ | ८७९०५१.५८ | | ८७९०५१.५८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३७८३७१९१.४६ | | ३७८३७१९१.४६ | २८३००५१४.५० | | २८३००५१४.५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३५४९२७२०) | ६१६२१९२८.२७ | | ६१६२१९२८.२७ | २९१७९५६६.०८ | | २९१७९५६६.०८ |
| बैंक तथा नगद बाकी | २४ | | ६१६१८९१४.२७ | | ६१६१८९१४.२७ | ८३३७१८१८.४५ | | ८३३७१८१८ |

कार्यालयले तयार गरेको आय-व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु.४०२३८६१००।३९ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति अनुसार रु.३५३९२९८१९.९० रहेकोले कार्यालयको आम्दानीमा रु.४८४५६२८०।४९ फरक परेकोले हिसाब एकिन गर्नुपर्दछ।

कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु.५९६६०७३९।८९ रहेकोमा सुत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु.२९१७९५६६।०८ रहेकोले रु.३०४८११७३।८१ फरक परेको छ। यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३.१ | | | **म.ले.प.फा.न. २७२-** कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। कार्यालयले स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा गरेको छैन। यसमा सुधार हुनुपर्दछ। | |
| ३.२ | | | **बैङ्क हिसाब मिलान विवरण-** कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्दछ। कार्यालयको श्रेस्ता अनुसार २०७९।३।३१ मा पूँजीगत खातामा रु. १,०५,९४,२५९।३८ चालु खाताहरुमा रु. २,३७,४४,३५४।४६ र सँचित कोष खातामा रु. २,११,८६,४०४।१८ समेत रु. ५,५५,२५,०१८।०२ रहेको छ। सो मध्ये सञ्चितकोषबाट खर्च खातामा खर्च नजनाइ खर्च गरेको रु.६५,००,०००। खर्च घटाइ श्रेस्ता अनुसार रु. ४,९०,२५,०१८।०२ बाँकी रहेको र बैंक स्टेटमेन्ट अनुसार चालु खातामा रु. १,७६,४०,०४०।१३, पूँजीगत खातामा रु.१,२७,८९,१४८।३८ र संचित कोष खातामा रु. १,९१,८३,३३४।४६ समेत ४,९६,१२,५२२।९७ रहि बैंक नगदी किताव खातामा भन्दा बैंकमा रु.५,८७,५०४।९५ बढी रहेको देखिन्छ । कार्यालयले बैंक हिसाव मिलान विवरण तयार गरेको छैन । अतः फरक परेको रकम सम्बन्धमा यकिन गर्नुका साथै बैक हिसाव मिलान प्रमाण पेश हुनुपर्दछ। | |
| ३.३ | | | **खर्च खाता फ्रिज-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु शिर्षकहरु रु.२,३७,४४,३५४।४६ र पूँजीगत तर्फ रु. १,०५,९४,२५९।३८ समेत रु.३,४३,३८,६१३.८४ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ । ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ । | |
| ४ | | | **खरिद व्यवस्थापन** | |
| ४.१ | | | **ठेक्का फाराम-** कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलव्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलव्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचामा विवरण अद्यावधिक राख्न कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ४.२ | | | **खरिद कारवाहीको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छ छैन । यसमा सुधार हुनुपर्दछ। | |
| ५ | | | **विद्यालय व्यवस्थापन**<br>राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्<br>♣ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>♣ मापदण्ड बमोजिम अनुगमन गरेको छैन । ♣ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>♣ प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>♣ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन ।<br>गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ६ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ । | |
| ६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ७.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति, कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार गरी कार्यान्वयनमा ल्या आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ;<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको<br>• पालिकाले ठेक्काबाट हुने कार्यहरुको कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• प्रदेश आर्थिक कार्यविधी ऐन बमोजिम जिन्सी निरिक्षण गर्ने र प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्नेमा जिन्सी निरिक्षण भएको छैन।<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा समयमानै दाखिला गर्नुपर्नेमा ढिला गरी दाखिला गरेको छ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको छैन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन। • आर्थिक विवरणः आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ चैत्र) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो ।<br>• कर भुक्तानीको इ-टिडिएस गर्नुपर्नेमा गरेको छैन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा राखेको छैन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०७५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन।<br>• कार्यविवरणः कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।<br>• अभिलेखः कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।<br>• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।<br>• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।<br>• दैनिक कार्य सम्पादन विवरण म.ले.प फाराम नं.९०७ तयार नगरेको।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा जाने कर्मचारीले नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च लेख्दा एकैदिनमा हुने अनुगमनमा समेत पुरै अवधिको भ्रमण खर्च लेखेकोमा यस्तो खर्चमा नियन्त्रण गरी एकैदिनमा पुगिने स्थानमा कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा नियमावली बमोजिम मितव्ययी तरिकाले नगरेको ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता नपाउने व्यवस्था बमोजिम पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था विपरीत कर्मचारीको भ्रमण खर्च लेख्दा निम्नानुसार स्थानीय भत्ता कट्टी नगरेको । अतः आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ७.२ | | | बेरुजु लगत- महालेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयहरुको बेरुजु लगत अद्यावधिक गर्ने प्रयोजनका लागि मलेप फारामको व्यवस्था गरेको छ । कार्यालयले बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख लगायतका स्वीकृत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फारामहरु अद्यावधिक गरेको छैन। बेरुजुको अद्यावधिक विवरण तयार गरी बाँकी बेरुजु समयमा नै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | सुचना प्रविधि सम्बन्धीः सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सुूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;<br>• म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरेको छैन।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।<br>सफ्टवेयर प्राविधिक विषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ७.४ | | | **मर्मत संभार तथा संरक्षण अभिलेख फारामः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक तथा म. ले. प. फाराम ४१५ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखी विभिन्न व्यक्ति तथा संस्थालाई सवारी साधन मर्मतमा रु.७ लाख, मेशिनरी तथा औजार मर्मत संभार संचालन खर्चमा रु.२ लाख ९७ हजार तथा एम्बुलेन्स र जे. सी. भी मर्मत संभार तथा संचालन खर्च रु.३७ लाख गरी कुल ४६ लाख ९७ भुक्तानी गरेको पाईयो । पालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी सवारी साधन मर्मत अभिलेख खर्च गर्नुपर्दछ ।<br>**ईन्धन खर्च सम्बन्धमाः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी प्रयोगकर्ताको विवरण र सवारी गुडेको किलोमिटर देखिने विवरण उल्लेख गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखी कार्यालय प्रयोजनमा ईन्धन खर्च वापत रु.१६,७५,३७६।- भुक्तानी गरेको छैन । सवारी लगबुक सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख नगरी राखेकोले ईन्धनमा भएको खर्च रु. वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ । | |
| ७.५ | | | **भम्रण खर्चः** भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष गाउँपालिका चालु शीर्षकबाट मात्रै अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.२ लाख ७ हजार, पदाधिकारी भ्रमण खर्चमा रु.दश लाख, भ्रमण खर्चमा रु.३५ लाख तथा अन्य भ्रमण खर्चमा रु.१ लाख ५० हजार गरी अनुगमन मूल्याङ्कन तथा भ्रमणमा रु.४८ लाख ५६ हजार खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता म. ले. प. फाराम ९०८ राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन म. ले. प. फाराम ९०९ प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ। | |
| ८ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| ८.१ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १८,०१,९५८। खर्च गरेको छ । पालिकाले आन्तरिक आयको परिधिभित्र रहेर विविध खर्च गर्नुपर्दछ । | |
| ८.२ | | | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ६४ जना व्यक्ति तथा समूहलाई रु. ९,५५,०००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(बजेट रु. हजारमा)<br><table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चकोतुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४६४६००००</td><td>४०९९३३१०</td><td>१३.६५%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>४३४३००००</td><td>३६७७३१६६</td><td>१२.२४%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१८९९४३८००</td><td>१६४१२०८५०</td><td>५४.६३%</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१७५०००</td><td>१६४०००</td><td>०.०५%</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४७५४०००</td><td>३८९१३३६</td><td>१.३०%</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६७९७९३१०</td><td>५४४२८३२५</td><td>१८.१२%</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार वातावरण तथा विकासमा सबैभन्दा कम ०.०५ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५४.६३ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>
पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१२ करोड १३ लाख ७६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६६ लाख अर्थात ५.०५ प्रतिशत, दोश्रो चौमासिकमा रु.२ करोड ३ लाख ४८ हजार अर्थात १६.७६ प्रतिशत र तेश्रो चौमासिकमा रु.९ करोड ४४ लाख २७ हजार अर्थात ७७.८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड १३ लाख २४ हजार अर्थात ५०.५२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
<table>
<tr><td rowspan="2">क्र.स.</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथमचौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१२१३७६३९४</td><td>६६००५००</td><td>२०३४८२२४</td><td>९४४२७६७०</td><td>६१३२४५१६.५१</td></tr>
<tr><td>२</td><td>प्रतिशत</td><td>१००.००%</td><td>५.०५%</td><td>१६.७६%</td><td>७७.८०%</td><td>५०.५२%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>
राजश्व दाखिला र राजश्वको लेखाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम प्राप्त राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएको दिन र भोलीपल्ट तोकिएबमोजिमको ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष ६ वटा वडा कार्यालयको रु.६,७६,६४६/- समेत
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१९,८६,६९७/- राजश्व प्राप्त गरेकोमा राजश्वको दैनिक नगदी विवरण तयार नगरेको, राजश्वको गोश्वारा भौचर तयार नगरेको र चौमासिक तथा बार्षिक प्रतिवेदन तयार नगर्नुका साथै पालिकाको रसिद नियन्त्रण खाताअनुसार ३ नं वडा कार्यालयको र.नं १००१ देखि १०५० सम्मको १ वटा नगदी ठेली, वडा नं ५ को मालपोत तर्फ ५५१-७०० सम्म ३ ठेली र नगदी तर्फ ६०१ देखि ७०० सम्मको २ वटा ठेली तथा वडा नं ६ को १७५१ देखि १८०० सम्मको १ वटा ठेली लेखापरीक्षणको क्रममा प्राप्त नभएकोले संकलन तथा दाखिला भएको राजश्व एकिन गर्न सक्ने अवस्था देखिएन । पालिकाले तोकिएबमोजिमको ढाँचामा लेखा राख्ने तथा म.ले.प. फारामहरुको प्रयोग गरी राजश्वको संकलन तथा बैंक दाखिला विवरण तयार गरी चौमासिक र बार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ | |
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १०.१ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ८८,३६,९४९। - खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ । | |
| १०.२ | | | कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकामा कुल ६४ कर्मचारीको दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म अधिकृत छैटौं देखि सहायक स्तरसम्म ३२ जना कार्यरत रहेको र ३२ पद रिक्त रहेको पाईयो । रिक्तमध्ये पालिकाले २०७९।५।१ मा प्रदेश लोक सेवा आयोगलाई माग आकृती फाराम पठाई विभिन्न ४ पदमा २० जना कर्मचारीहरू करारमा राखी रु. ६९,४२,४५३.८३।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा २ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६,२०,९९०।- भुक्तानी गरेको पाईयो । पालिकाले कर्मचारी करारमा राखि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १०.३ | | | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले मन्त्रालयको स्वीकृती नलिई यो बर्ष प्रोत्साहन भत्तामा रु.७९९२८५।- र संचार सुविधामा रु.७२०००।- गरी रु.८,७१,२८५/- खर्च गरेको छ । पालिकाले बराहपोखरी गाउँपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यविधि, २०७८ पारित गरेको भएतापनि कर्मचारीको कार्यसम्पादन मापन गर्ने सूचक, अतिरिक्त कार्य गर्ने क्षेत्र तथा कार्यप्रकृति र समय निर्धारण नगरेको र कार्यालयमा ई हाजिरी समेत भएको नदेखिएकोले प्रोत्साहन भत्ता खर्च लेख्ने कार्य मितव्ययी देखिएन । पालिकाले अर्थ मन्त्रालयको स्वीकृती लिई कार्यसम्पादन सूचक मापन भएको देखिने गरी प्रोत्साहन भत्ता खर्च लेख्नुपर्दछ । | |
| ११ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **चालु तथा कार्यक्रम खर्च** | |
| १२.१ | ४०९ | २०७९-३-३ | **आवश्यकता पहिचान नगरी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) मा सार्वजनिक निकायले मालसामान तथा वस्तु खरिद गर्दा आवश्यकता पहिचान गरेर अन्य विवरणहरु समेत तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वार्षिक कार्यक्रम अन्तर्गत कृषकहरुलाई कुखुरा पालनको लागि वितरण गर्न नाईलनको झुल, जाली तथा नाईनलको नेट जाली आर्शिवाद एग्रो सप्लायर्स एण्ड ट्रेडर्सबाट खरिद गरी रु.३,००,०००/- भुक्तानी दिएकोमा उक्त जाली हालसम्म पनि पालिकाको | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिन्सी शाखामा मौज्दात रहेको पाईयो । पालिकाले यसवर्ष कृषि तर्फ उक्त कार्यक्रम स्वीकृत गरेको समेत देखिएन । पालिकाले सामाग्री खरिद गर्दा कार्यक्रमको लागि खरिद आवश्यकता पहिचान तथा अन्य विवरण तयार नगरी सामाग्री खरिद गरेकोले उक्त खर्च अनुत्पादक तथा निष्प्रभावी हुने देखियो । पालिकाले कृषकलाई वितरणको लागि खरिद गरी मौज्दात रहेको उक्त सामाग्रीको लागत सहभागिता समेत सुनिश्चित हुनेगरी कार्यक्रमको व्यवस्था गरेर सम्बन्धित कृषकहरुलाई उक्त जाली वितरण भरपाई तथा कार्यसम्पन्न पेश गर्नुपर्ने रु. | |
| १२.२ | ३४५ | २०७८-१२-२५ | **भ्रमण प्रतिवेदन नरहेकोः** ३४५-२०७८।१२।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (८) मा सरकारी निकायबाट सञ्चालित तालिम, सेमिनार गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च तथा बिल भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थितिसमेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कृषि शाखा प्रमुख द्रोणराज रेग्मीलाई पालिकाबाट कृषि केन्द्र तरहरा, पाख्रिवास, धनकुटा हुँदै ईलाम भ्रमण वापत रु. २,१०,०००/- पेश्की फछ्र्यौट सहित भुक्तानी दिएकोमा रु.१,०५,०००/- को बसभाडा खर्च रु.४४,०००/- को ईन्धन खर्च सहित यातायात खर्च रु.१,४९,०००/- को बिल संलग्न रहेकोमा भ्रमण अवधि खुल्ने कागजात तथा भ्रमणमा सहभागी कर्मचारी तथा पदाधिकारीहरुको नामावली सहितको प्रतिवेदन तयार नगरी भुक्तानी गरेको पाईयो । पालिकाले भ्रमण अवधि नै एकिन नहुने गरी भुक्तानी गरेको उक्त अवलोकन भ्रमण तथा गोष्ठी कार्यक्रममा भएको खर्च एकिन हुने भ्रमण प्रतिवेदन तयार गरी सम्बन्धित वडाअध्यक्ष समेतलाई जिम्मेवार बनाई उक्त खर्च कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्ने रु. | २१०,००० |
| १२.३ | ३२२ | २०७८-१२-९ | **अनिवार्य भ्याट विल जारी गर्नुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ उपनियम १ (क) मा सार्वजनिक निकायले बीस हजार रुपैयाँभन्दा बढीको सामान खरिद गर्दा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खोटाङ दलित विकास मन्चद्वारा दलित शसक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम मिति २०७८।१२।४ देखि २०७८।१२।८ सम्म संचालन गरी रु.३,००,०००।- भुक्तानी लिएकोमा संस्थाको छुट्टै वीजक जारी नगरी विभिन्न पार्टीको १४ वटा बील र भरपाईवापत खर्च लेखेको पाईयो । पालिकाले नियमावली बमोजिम गैरसरकारी संस्थामार्फत कार्यक्रम खर्च भुक्तानी दिंदा सस्थाको बीजक संलग्न गराई खरिद कार्य गर्नुपर्दछ । | |
| १३ | | | **सशर्त अनुदान पूँजीगत** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **संघिय समपुरक अनुदानः** समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७७ को दफा ६(१) मा नेपाल सरकारले समितले छनौट गरेका कार्क्रम कार्यान्वयनको लागि कार्यक्रमको उपलव्धि र दिगोपनाको आधारमा स्थानीय तहलाई कुल लागतको अधिकत्तम ५० प्रतिशत रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले संघिय समपुरक अनुदानबाट देहायका दुई आयोजनाहरु निर्माणको लागि रु.७३,५३,३७६। को लागतमा निर्माण कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायीसंग खरिद सम्झौता गरी कार्य गरेकोमा निर्माण व्यवसायीले उक्त आयोजनाको निर्माण कार्य सम्पन्न गरेकाले रु.६८,८९,७०७। भुक्तानी गरेको देखिन्छ। कार्यविधी अनुसार आयोजनामा भएको कुल खर्चको ५० प्रतिशतले हुने रु.३४,४४,८५३। मात्र संघिय सरकार अनुदानबाट खर्च लेख्नुपर्ने रु.४४,८५,६८१। खर्च लेखी कार्यविधिले तोकेभन्दा रु.१०,४०,८२८। बढी खर्च लेखेको देखिएकाले संघिय सरकारको श्रोतबाट बढी खर्च लेखेको रकम गाउँपालिकाको सञ्चितकोबाट कट्टा गरी संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | १,०४०,८२८ |

| गो.भौ.नं. मिति | ठेक्का नं र योजनाको नाम | रनिङ विल | गाउपालिका पुजींगतबाट भुक्तानी | संघ समपुरकबाट भुक्तानी | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| १६९-२०७९।३।१२ | ३-२०७८।७९ बराहपोखरी पैदल मार्ग निर्माण | प्रथम | ३७६६४६ | २६८८००० | ३७६६४६ |
| | | प्रथम | | | २६८८००० |
| | | फाइनल | | | ६१९६०८ |
| ९१-२०७९।३।१२ | ४-२०७८।७९ बराहपोखरी मन्दिर निर्माण | प्रथम | १४०७७७२ | १७९७६८१ | १७९७६८१ |
| २२४-२०७९।३।२५ | | फाइनल | | ० | १४०७७७२ |
| | जम्मा | | १७८४४१८ | ४४८५६८१ | ६८८९७०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **निर्माण कार्यमा ढिलाईः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ र खरिद सम्झौताको समान्य शर्त नम्बर ५७२ मा निर्माण व्यवसायीले खरिद सम्झौतामा तोकिएको समयमा कार्यसम्पादन गर्न नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्नुपर्ने र निर्माण व्यवसायीले अग्रिम भुक्तानी बापत प्राप्त गरेको रकमबाट सम्बन्धित कार्यको लागि आवश्यक पर्ने मेशिनरी औजार र निर्माण सामाग्री खरिद गर्न प्रयोग गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि मू.अ.कर बाहेक रु.५,०३,२७,७८०। मा २०८०।१।७ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री कौशिला बस्नेत निर्माण सेवा प्रा.ली काठमाडौंसँग २०७७।७।७ मा खरिद सम्झौता भएकोमा २८ अगस्ट २०२३ सम्म म्याद भएको बैङ्क ग्यारेन्टीको आधारमा रु.९५,००,०००। मोविलाइजेशन पेश्की उपलव्ध गराएको देखिन्छ। लेखापरीक्षणको क्रममा २०७९।५।३ मा उक्त भवन निर्माण कार्यको स्थलगत निरिक्षण गर्दा भवन निर्माणको लागि सामान्य जगको खाडल खन्ने बाहेक कुनै पनि निर्माण कार्य गरेको देखिएन। यसरी खरिद सम्झौता अवधिको ५५ प्रतिशत समय व्यतित भैसक्दा समेत निर्माण कार्य शुरु नगर्ने निर्माण व्यवसायीलाई दिएको मोविलाइजेशन पेश्की जफत गरी खरिद सम्झौताको सामान्य शर्त ५५ र ५७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२८ बमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु | ९,५००,००० |
| १३.३ | | | घटी पाइप जडान कार्यालयले उपभोक्ता समितिसंग खानेपानी तथा सिचाइ योजनाहरुको पाइप खरिद गरी पाइप खन्ने पुर्ने र जडान गर्ने कार्य समेतको सम्झौता गरी उपभोक्ता समितलाइ भुक्तानी गर्दा पाइप पुरै जडान तथा विच्छाउने कार्य नभएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को दफा ४ र ११ अनुसार मौज्दातमा रहेका पाइपको मूल्य कटाइ विच्छाइएका पाइपको मात्र खरिद मूल्य भुक्तानी दिनुपर्नेमा निम्नानुसार खरिद गरेको परिमाण भन्दा घटी पाइप विच्छाएको अवस्थामा सम्झौता अनुसारको पुरै रकम भुक्तानी गरेको देखिएकाले विछ्याउन बाँकी पाईपहरु सम्बन्धित योजनामा विछ्याईएको प्रमाण पेश हुनुपर्ने अन्यथा स्टोर फिर्ता गरी पाईप जिन्सी आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,७९१,३२१ |

| गो.भौ.नं. मिति | योजना | पाइपको साइज | परिमाण मि. | दर | खन्ने पुर्ने कार्य घ.मि | पाइप खपत मिटर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ८७-२०७८।११।१६ | सार्कीखोला खड्का टोल सिचाई योजना | ६३ एम.एम | ६४० | २९०.६७ | ० | ० | १८६०२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९४-२०७८।१२।२ | सार्कीखोला माम्लुङ सिचाई योजना | ११० एम एम | २०५ | ९१७.१९ | ० | ० | १८८०२४ |
| ९७-२०७८।१२।९ | विर्ता खानेपानी योजना | २० एमएम | ११२५ | ४४.२४ | ० | ० | ४९७७० |
| | | २२ एमएम | ३०० | ६८.४९ | ४४.८ | १११ | १२९४५ |
| ९८-२०७८।१२।९ | बोझेनी खानेपानी योजना | २०एमएम | १३५० | ४४.२४ | ० | ० | ५९७२४ |
| ९९-२०७८।१२।९ | सिन्ताङ खानेपानी व्यवस्थापन | ३२ एमएम | १३०० | ९०.४५ | ० | ० | ११७५८५ |
| | | ४० एमएम | ११० | १४३.२ | ० | ० | १५७५२ |
| १०९-२०७८।१२।१८ | तरिमाखोला खानेपानी | ३२ एम.एम | २०६८ | १००.९३ | १६४.५ | ४०६ | १६७७४६ |
| १३६-२०७९।१।२२ | मौवाबोटे खानेपानी निर्माण | ६३ एम.एम | ५५ | २९०.६७ | ० | ० | १५९८७ |
| | | ५० एमएम | ५० | २२१.५३ | ० | ० | ११०७७ |
| | | ३२ एमएम | १२३२ | ९०.४५ | ० | ० | १११४३४ |
| | | २५ एम एम | ७८१ | ६८.४९ | ० | ० | ५३४९१ |
| | | २० एमएम | १२५५ | ४४.२४ | ० | ० | ५५५२१ |
| १४४-२०७९।१।२३ | पेल्मेसाठी खेत सिचाइ योजना | २०० एमएम | ४० | ३५०२ | २.७ | ६.६६ | ११६७५७ |
| १४८-२०७९।२।११ | ओखेखोला अदुवा बारी सिचाई योजना | ११० एम एम | २२५ | ९१७ | ० | ० | २०६३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६३-२०७९।३।३</td><td>थोक्रेखोला मुहान गरी पाल्ने खेत सिचाई</td><td>९० एम एम</td><td>१३५</td><td>५८३.३१</td><td>०</td><td>०</td><td>७८७४७</td></tr>
<tr><td>१६५-२०७९।३।७</td><td>फलफूल सिचाई</td><td>६३ एम.एम</td><td>६४५</td><td>२८९.०३</td><td>०</td><td>०</td><td>१८६४२४</td></tr>
<tr><td>१६६-२०७९।३।८</td><td>छाँगे मुहान मर्मत खानेपानी योजना</td><td>२०,२५,६३ एमएम</td><td>४२०</td><td>१७७.०७</td><td>०</td><td>०</td><td>७४३६९</td></tr>
<tr><td>१९१-२०७९।२।२१</td><td>राङभागे खानेपानी योजना</td><td>३२,३३,२५ एमएम</td><td>११६४</td><td>७४.३९</td><td>१६.२</td><td>४०</td><td>८३६१४</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१७९१३२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
ओभरहेड भुक्तानी<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समितलाई निर्माण कार्यको भुक्तानी दिदा मूल्य अभिवृद्धिकर, ओभरहेड र कन्टिन्जेन्सीको रकम कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले देहायका योजनाहरुको निर्माण कार्य उपभोक्ता समितसँग सम्झौता गरी गराएकोमा देहायका निर्माण कार्यका आइटमहरुमा दररेट निर्धारण समितिले आर्थिक वर्ष २०७८।७९ को लागि निर्धारण गरेको दररेटमा १५ प्रतिशत ओभरहेड समेत समावेश गरी उपभोक्ता समितलाई रु.३१७९८२। बढी भुक्तानी गरेको देखिएकाले सो रकम सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु .
<table>
<tr><th>गो.भौ.नं.</th><th>योजनाको नाम</th><th>आइटमको नाम</th><th>परिमाण घ.मि</th><th>भुक्तानी दर रु</th><th>स्वीकृत दर रु.</th><th>फरक</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">११७-२०७८।१२।२५</td><td rowspan="2">कोल्टुङ्ग दोभान खोला सडक</td><td>नरम माटो</td><td>३४७३.११</td><td>५१.१८</td><td>४५.९८</td><td>५.२</td><td>१८०६०</td></tr>
<tr><td>कडा माटो</td><td>६४२१.२५</td><td>७८.६२</td><td>६८.६५</td><td>९.९७</td><td>६४०२०</td></tr>
</table>
</td><td>३१७,९८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नरम चट्टान | १२०४.११ | १४९.३३ | १३३.५६ | १५.७७ | १८९८९ | |
| | | | ५०-२०७८।९।२९ | ४ नं. वडा भरिका सडक मर्मत | नरम माटो | ८२६७ | ५१.१८ | ४५.९८ | ५.२ | ४२९८८ | |
| | | | | | कडा माटो | २१५७ | ७८.६२ | ६८.६५ | ९.९७ | २१५०५ | |
| | | | | | नरम चट्टान | ८१ | १४९.३३ | १३३.५६ | १५.७७ | १२७७ | |
| | | | ३५-७८।९।१९ | ६ नं वडा भरीका सडक मर्मत | नरम माटो | १७८८ | ५१.१८ | ४५.९८ | ५.२ | ९२९८ | |
| | | | | | कडा माटो | २५९ | ७८.६२ | ६८.६५ | ९.९७ | २५८२ | |
| | | | ३६-२०७८।९।१९ | ओखलपुर चौबाटो सडक | नरम माटो | ७७९७ | ५१.१८ | ४५.९८ | ५.२ | ४०५४४ | |
| | | | | | कडा माटो | ८८९ | ७८.६२ | ६८.६५ | ९.९७ | ८८६३ | |
| | | | | | नरम चट्टान | ६७ | १४९.३३ | १३३.५६ | १५.७७ | १०५७ | |
| | | | ८१-२०७८।११।१५ | अटलपुर चुवाबोटे सडक | नरम माटो | ७७४९ | ५१.१८ | ४५.९८ | ५.२ | ४०२९५ | |
| | | | | | कडा माटो | ८८३ | ७८.६२ | ६८.६५ | ९.९७ | ८८०८ | |
| | | | | | नरम चट्टान | ६४ | १४९.३३ | १३३.५६ | १५.७७ | १००९ | |
| | | | ९०-२०७८।१२।२ | वालिखा ग्रामिण सडक निर्माण | नरम माटो | ४७६ | ५१.१८ | ४५.९८ | ५.२ | २४७४ | |
| | | | | | कडा माटो | १५५८ | ७३.१२ | ६८.६५ | ४.४७ | ६९६६ | |
| | | | | | नरम चट्टान | ३८३.४२ | १३८.७२ | १३३.५६ | ५.१६ | १९७८ | |
| | | | | | नरम माटो | ११४७ | ५१.१८ | ४५.९८ | ५.२ | ५९६५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९२-२०७८।१२।२</td><td>दोभाने वालिखा स्याङ्लिा सडक मर्मत</td><td>कडा माटो</td><td>१२६.५६</td><td>७८.६२</td><td>६८.६५</td><td>९.९७</td><td>१२६२</td></tr>
<tr><td rowspan="3">१०३-२०७८।१२।१०</td><td rowspan="3">टप्पु बडहरे सडक निर्माण योजना</td><td>नरम चट्टान</td><td>२९८४.९७</td><td>५१.१८</td><td>४५.९८</td><td>५.२</td><td>१५५२२</td></tr>
<tr><td>नरम माटो</td><td>४१५.३६</td><td>७८.६२</td><td>६८.६५</td><td>९.९७</td><td>४१४१</td></tr>
<tr><td>कडा माटो</td><td>२४</td><td>१४९.३३</td><td>१३३.५६</td><td>१५.७७</td><td>३७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>३१७९८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सडक मर्मत खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्दछ। कार्यालयको आफ्नै जे.सि.वि मेसिन रहेको र सो मेसिन मर्मत र इन्धनमा रु.३५३८०५८। खर्च गरेकोमा जे.सि.वि सञ्चालन बापत कुनैपनि आम्दानी गरेको छैन भने पुन कन्स्ट्रक्सन कम्पनीहरुबाट समेत कार्य गराई रकम भुक्तानी गर्ने गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले सुन्तले कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट रु.११०४५८९। र वि.के एम.के कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट रु.३११०००। समेत रु रु.१४,१५,५८९। बराबरको कार्य गराई रकम भुक्तानी गरेको छ। पालिकामा श्रोत साधन भएको अवस्थामा पुन बाहिरबाट श्रोत भाडामा लिइ खर्च लेखेको उचित देखिएन। यस प्रकारको खर्चमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश १० प्रतिशत को हाराहारीमा रहेकोमा अधिकाशं योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र मूल्याङ्कन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी भुक्तानी खर्च लेख्ने गरेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्य हुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ। | |
| १६.२ | | | **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिंदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| १६.३ | | | **मेशिन प्रयोग गरी कार्य —** सार्वजनिक खरिद ऐन बमोजिम उपभोक्ता समिति मार्फत गरिने कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गरी कार्य गराउन नहुने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने भनी उल्लेख भएकोमा र प्राविधिक सिफारीसमा सार्वजनिक निकायको सिफारीस लिएर मात्र प्रयोग गर्न सकिनेमा नमुना छनौट गरी परीक्षण गरिएका योजानहरु मध्ये निम्नानुसारका योजनाहरुमा कार्यालयले लागत अनुमान तयार गर्दा जटिल भनी निर्धारण नभएको र सार्वजनिक निकायको स्वीकृती विनानै हेभी इक्यूपमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयले ऐनको विपरित हुने गरी लागत अनुमानमानै मेशिनरी दर प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने प्रचलनको अन्त्य हुनुपर्दछ। | |

| योजनाको नाम | लागत अनुमान | पालिकाले व्यहोर्ने अनुदान | उपकरण र इन्धनको लागत |
|---|---|---|---|
| डाँडाटोल देविस्थान क्रमागत योजना | २१५३५१ | ११५००० | ११६००१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्कीछाप सडक क्रमागत योजना</td><td>२६७५५०</td><td>२३५०००</td><td>२३६२४७</td></tr>
<tr><td>अटलपुर मामरे सडक निर्माण योजना</td><td>१०६७२७०</td><td>९२५३००</td><td>८९३०००</td></tr>
<tr><td>सुसेडाँडा टोड्के थवला सडक निर्माण</td><td>१०७०५१६</td><td>६२२५००</td><td>५३१०००</td></tr>
<tr><td>माकापू खेलमैदान निर्माण</td><td>१६१५४८</td><td>१४३५००</td><td>१४३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>निर्माण व्यवसायीको प्रयोग– सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग काम गराई लागत अनुमान बमोजिम कार्यालयबाट भुक्तानी हुने आनुपातिक दर बरावरनै निर्माण व्यवसायीको डोजर विल राखी भुक्तानी लिने गरेको छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले निर्माण व्यवसायीको मू.अ.कर विजक राखी कार्यालयबाट भुक्तानी हुने अंश भुक्तानी लिने र प्राविधिक विल तथा नापिमा प्रयोग भएको नर्म्स अनुसार डोजर मात्र प्रयोग भएको देखिएवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि मात्र उपभोक्ता समितिसंग सम्झौता गरी निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा रही काम गर्ने गरेको देखियो । यसरी हेभी मेसिन प्रयोग गरेर गर्नुपर्ने निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत नगराई प्रतिस्पर्धात्मक विधिबाट निर्माण व्यवसायी बाट गराउनु पर्दछ ।
<table>
<tr><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्यालयले व्यहोर्ने रकम</th><th>प्राविधिक मूल्यांकन</th><th>भुक्तानी</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको विल रकम</th></tr>
<tr><td>२१६-२०७९/३/२४</td><td>डाँडाटोल देविस्थान क्रमागत योजना</td><td>२१५३५१</td><td>११५०००</td><td>१३४०७८</td><td>११५०००</td><td>सिम्रिक निर्माण सेवा प्रा.लि</td><td>११६००१</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१७-२०७९/३/२४ | कार्कीछाप सडक क्रमागत योजना | २६७५५० | २३५००० | २६३७४६ | २३५००० | सिम्रिक निर्माण सेवा प्रा.लि | २३६२४७ |
| १७८-२०७९/३/१५ | अटलपुर मामरे सडक निर्माण योजना | १०६७२७० | ९२५३०० | १००१५६७ | ८९३००० | हरिहोम कन्स्ट्रक्सन प्रा.ली | ८९३००० |
| १६७-२०७९/३/८ | सुसेडाँडा टोड्के थवला सडक निर्माण | १०७०५१६ | ६२२५०० | ६४१६८७ | ५३१००० | जय बज्रगुरु हेभि इक्यप्मेन्ट एण्ड मल्टिपर्पोज प्रा.ली | ५३१००० |
| ९३-२०७८/१२/२ | माकापू खेलमैदान निर्माण | १६१५४८ | १४३५०० | १६०४९४ | १४३००० | सुन्तले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | १४३००० |
| जम्मा | | | | | १९१७००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **गाउँपालिका शिक्षा तर्फ** | |
| १७.१ | | | **निकासा रोक्का:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्ने अधिकारीले प्रमाणितबाट स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई भवन निर्माणको लागि रु.१,२६,००,०००। रकम निकासा गरेकोमा रु.२८,००,०००। खर्च गर्ने गरी निकासा गरेको र बाँकी रु.९८,००,०००। विद्यालयको बैङ्क खातामा रकम जम्मा गरी तत्पश्चात बैङ्क खातामा रोक्का गरेको छ । खर्चसँग सम्बन्धित भवन निर्माणको रनिङ विल/फाइनल विल, कार्यसम्पन्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन भौचरसँग संलग्न गरेको छैन। यसबाट बजेट फ्रिज नगर्ने उद्देश्यबाट बजेट खर्च लेखेको देखियो निर्माण सँग सम्बन्धित विल भर्पाइ पेश हुनुपर्दछ। | |

| विद्यालयको नाम | निकासा रकम | रोक्का रकम |
|---|---|---|
| शंखेश्वरी मा.वि बराह १ | ३६००००० | २८८०००० |
| बालकन्या मा.वि | ३६००००० | २६००००० |
| पञ्चकन्या मा.वि | ३६००००० | २८८०००० |
| जनविकास मा.वि | १८००००० | १४४०००० |
| जम्मा | १२६००००० | ९८००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.२ | | | **वढी भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ वमोजिम निशुल्क पाठ्यपुस्तक वितरणको लागि विद्यालयलाई विद्यालयमा अध्यायनरत अघिल्लो आर्थिक वर्षको शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्डको आधारमा पुस्तक खरिदको लागि विद्यालयको वैंक खातामा ७५% निकासा दिन सक्ने व्यवस्था छ । विद्यालयले प्राप्त निकासा रकमवाट पुस्तक खरिद गरी सक्कल विलभरपाई सहितको माग फाराम र चालु आर्थिक वर्षको शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्डको आधारमा वास्तविक विद्यार्थी संख्याको आधारमा वाँकी २५% प्रतिशत निकासा दिन सक्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई निः शुल्क पाठ्यपुस्तकको वापत निकासा दिएकोमा शैक्षिक सूचना प्राणाली(EMIS) को रेकर्डको आधारमा भन्दा वढी भएको असूल गर्नुपर्ने रु. | ७७,०३८.९ |

| सि नं. | विद्यालयको नाम | IEMIS अनुसार निकासा हुनु पर्ने रकम | पहिलो निकासा ७५% | अन्तिममा हुनुपर्ने निकासा २५% | विद्यालयलाई गएको दोश्रो निकासा | विद्यालयलाई जम्मा निकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी प्रा.वि. | १४६५०.१ | १०९८७.६ | ३६६२.५ | ८१२६ | १९११३.६ | ४४६३.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री जाल्पादेवी प्रा.वि. | ८२७०.४ | ६२०२.८ | २०६७.६ | ३६५६ | ९८५८.८ | १५८८.४ |
| ३ | श्री चकलिदेवी आ.वि. | १४७७५.१ | ११०८१.३ | ३६९३.८ | १७२८२ | २८३६३.३ | १३५८८.२ |
| ४ | श्री जलकन्या आ.वि. | २५४६४.७ | १९०९८.५ | ६३६६.२ | ८२०४ | २७३०२.५ | १८३७.८ |
| ५ | श्री मौवावोटे प्रा.वि. | ७१४२.४ | ५३५६.८ | १७८५.६ | ७५८५ | १२९४१.८ | ५७९९.४ |
| ६ | श्री बालकन्या मा.वि. | १४९६६२.७ | ७१८६७.७ | ७७७९५ | ८९४४५ | १६१३१२.७ | ११६५० |
| ७ | श्री बालकन्या प्रा.वि. | २५०५२.१ | १८७८९.१ | ६२६३ | ११९१८ | ३०७०७.१ | ५६५५ |
| ८ | श्री ज्यु मा.वि. | २०१२८१.३ | १४२९८५ | ५८२९६.३ | ७०४९७ | २१३४८२ | १२२००.७ |
| ९ | श्री पञ्चकन्या आ.वि. | ४७१७६.८ | ३५३८२.६ | ११७९४.२ | २०८७४ | ५६२५६.६ | ९०७९.८ |
| १० | श्री जनचेतना आ.वि. | २६३२४.२ | १९७४३.२ | ६५८१.१ | १५५५६ | ३५२९९.२ | ८९७५ |
| ११ | श्री पाँचकन्या मा.वि. | १६६१८७.९ | ११५६९७ | ५०४९०.९ | ५२६९२ | १६८३८९ | २२०१.१ |
| | जम्मा | ६८५९८७.७ | ४५७१९१.६ | २२८७९६.२ | ३०५८३५ | ७६३०२६.६ | ७७०३८.९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.३ | | | **तलव वढी निकासाः** पालिकाले शिक्षा किताबखानाबाट पारीत तलबी प्रतिवेदन र शिक्षा नियमावली बमोजिम शिक्षकहरुको सेवा सुविधा खर्च लेख्नुपर्दछ । पालिका विद्यालयमा कार्यरत प्रा.वि. व्दितीय शिक्षक शिव कुमार श्रेष्ठ २०७८ चैत्र २५ गते सेवा निवृत्त भएकोमा पुरै महिनाको पारिश्रमिक भुक्तानी गरेको पाईयो । पालिकाले अवकाश मितिपश्चात ५ दिनको तलव प्रतिदिन रु १२७१।२० का दरले रु ६३७६।०० बढी हुने गरी खर्च लेखेको असुल हुनुपर्ने रु | ६,३७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कर दाखिला र बढी भुक्तानी** | |
| १८.१ | | | **कर रकमः** अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर, सामाजिक सुरक्षा कर, अग्रिम कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । कार्यालयले विभिन्न योजनाहरुमा कट्टा गरेको रु.४१०४१। सम्पत्ति बहाल कर संघीय संचित कोष जम्मा नगरी गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले उक्त रकम संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु. | ४१,०४१ |
| १८.२ | | | **बढी भुक्तानीः** २१९-२०७९।३।२४ विजुवा विजुनी मन्दिर निर्माण कार्यक्रम अन्तर्गत विकि विल्डर्स एण्ड इञ्जिनियरिङलाई कार्य सम्पन्न प्रतिवेदन अनुसार रु४८५७७३। भुक्तानी गर्नुपर्नेमा रु४८७७७३। भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु २०००। असुल हुनुपर्ने रु | २,००० |
| १९ | | | **वडाअध्यक्षलाई बाईक सुविधा**<br>प्रदेश नं. १ प्रदेश सभाले जारी गरेको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (प्रथम संसोधन २०७६) को दफा ३ मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरुले अनुसूची १ (क) मा उल्लेखित दरअनुसार सुविधा पाउने उल्लेख गरेको छ । जसअनुसार वडाअध्यक्षलाई सवारी सुविधा दिन सकिने व्यवस्था नगरी एकमुष्ट ४०००। को दरले यातायात खर्च दिईने उल्लेख छ । पालिकाले निम्नानुसार वडाअध्यक्षलाई आश्विन पछि बाईक सहित मासिक रु.४०००। को दरले बार्षिक रु.२,४०,०००।- यातायात खर्चपनि भुक्तानी दिएको पाईयो । यसरी वडाअध्यक्षलाई बाईक र यातायात खर्च दुबै उपलब्ध गराउँदा वडा कार्यालयबाट हुने ईन्धन खर्च दोहोरो हुने र प्रदेश कानुनले तोकेभन्दा सेवा सुविधा बढी हुने देखिन्छ । पालिकाले बाईक सुविधा लिएका पदाधिकारीहरुलाई ईन्धन खर्च दोहोरो नपरेको देखिने गरी कुनै कार्यविधि तथा आन्तरिक नियन्त्रणको व्यवस्था समेत गरेको देखिएन । पालिकाले प्रदेश कानुनमा भएको व्यवस्था विपरीत पदाधिकारी तथा सदस्यलाई बाईक र यातायात खर्च भुक्तानी सेवा सुविधा तथा ईन्धन खर्च दोहोरो नपर्नेगरी खर्च गर्नुपर्दछ । | |

| क्र.सं. | पदाधिकारीको नाम | वडा नम्बर | बार्षिक यातायात खर्च |
|---|---|---|---|
| १ | टंक कुमार मगर | १ | ४०००० |
| २ | अम्बर बहादुर आलेमगर | २ | ४०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>३</td><td>शम्भु निरौला</td><td>३</td><td>४००००</td></tr><tr><td>४</td><td>भुवलराज राई</td><td>४</td><td>४००००</td></tr><tr><td>५</td><td>फौदराज राई</td><td>५</td><td>४००००</td></tr><tr><td>६</td><td>दुर्गा बहादुर राई</td><td>६</td><td>४००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>२,४०,०००।-</td></tr></table> | |
| २० | | | **सोझै खरिद**<br>सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री विभिन्न निर्माण र फर्निचर तथा फिक्चर्स खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई रु.६२५७२४९/- सोझै खरिद गरेको पाईयो । पालिकाले खरिद ऐनबमोजिम खरिद कार्यमा प्रतिस्पर्धात्मक हुने गरी कार्य गर्नुपर्दछ ।<br><table><tr><td>गो.भौ.र मिति</td><td>पार्टीको नाम र प्यान न.</td><td>भ्याटसहितको मूल्य</td><td>सामाग्रीको नाम। कामको विवरण</td></tr><tr><td>७-२०७८/५/१</td><td>न्यु पशुपती छापाखाना (३०५११३५७५)</td><td>१००१७४</td><td rowspan="3">मसलन्द तथा कार्यालय सामाग्री</td></tr><tr><td>१५०- २०७८।९।२</td><td>एल एन एस स्टेशनरी सप्लायर्स (३००४९३६८६)</td><td>४९९९१२</td></tr><tr><td>२११- २०७८।९।२१</td><td>न्यु पशुपती छापाखाना (३०५११३५७५)</td><td>४६०५३१</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २६०-२०७८।१०।२६ | लक्ष्मी छापाखाना (३००८७२०३९) | ४९९३४७ | |
| ४४८- २०७९।३।१६ | न्यु पशुपती छापाखाना (३०५११३५७५) | ९९९९९४ | |
| जम्मा | | २५५९९५८ | |
| ५।२०७८।६।१९ | सुन्तले कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २७४८२९ | धाप्लाङ ठुलीबेसी सडक मर्मत |
| ६।२०७८।६।१९ | | ९४९२० | भदौरे देखि किरात चोक मर्मत |
| २४।२०७८।९।७ | | ७३४८४० | धाप्लाङ ठुलीबेसी सडक मर्मत |
| २१०।२०७९।३।२४ | | ३५०००० | स्टोर कोठा व्यवस्थापन |
| ७०।२०७८।१०।२७ | वि.के.एस. के कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३११००० | सिरुवानी सडक मर्मत |
| जम्मा | | १७६५५८९ | |
| २०।२०७८।९।२० | जाल्पादेवी सप्लायर्स एण्ड ट्रेडर्स | ४९९८२१ | फर्निचर फिक्चर्स तथा मेशिनरी औजार |
| २१।२०७८।९।२० | | ९९७९६ | |
| २३।२०७८।९।२ | पोखरेल एण्ड सन्स सप्लायर्स | ४८८९०३ | |
| १७६।२०७९।३।१४ | जगदिश ईम्पेक्स | ४५४३६५ | |
| १८२।२०७९।३।१६ | | ९९००० | |
| ८५।२०७८।११।१६ | हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्स | २८९८१७ | |
| जम्मा | | १९३१७०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुल जम्मा | ६२५७२४९ | | |
| २१ | | | **सामाजिक सुरक्षा फिर्ता बाँकीः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ (३) मा भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ देखि ६ सम्मका वडामा लाभग्राहीलाई पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिक सामाजिक सुरक्षा वितरण गर्न सनराईज बैंक लि. लाई रु.४,७४,८९,७५२/- निकासा दिएकोमा आषाढ मसान्तसम्ममा रु. ४,७३,३३,०९५/- वितरण गरी रु.१,५६,६५७/- फिर्ता गर्न बाँकी रहेकोमा फिर्ता नगरेको र ६८ जना निष्क्रिय लाभग्राहीहरुको खातामा रहेको रु.९,५९,२८१/- बैंक खाता बन्द तथा लगत कट्टा गरी बेरुजु खातामा दाखिला गर्नुपर्नेमा नगरेको गरी कुल रु.११,३६,७४२/- मध्ये रु.११२४४९२।- मिति २०७९।३।१७ मा संघीय बेरुजु खातामा दाखिला गरी रु.१२२५०।- बाँकी रहेको पाईयो । पालिकाले वितरण गर्न बाँकी र निष्क्रिय लाभग्राहीको खातामा रहेको उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | १२,२५० |
| २२ | | | **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले सोझै खरिद मार्फत संघीय सरकारवाट प्राप्त सशर्त अनुदनदा रु १९५००००। र गाँउपालिका वजेटवाट रु ११५००००।०० समेत रु.३१०००००- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ; • खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ । यस सम्बन्धमा गत विगतमा औल्याएतापनि सुधार भएको छैन। औषधिको विवरण खुल्ने गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | १७९ | २०७९-३-२४ | **प्रमाण पेश हुनुपर्ने**<br>कार्यालयले सञ्चालन गरेको सिलाइ कटाइ तालिम अन्तर्गत जि. थ्रेडबाट खरिद गरेका रु.४०२५६। मूल्यका ३ थान सिलाइ मेसिन सम्बन्धितलाइ नबुझाएकोले बुझिलिएको प्रमाण पेश हुनुपर्ने रु | ४०,२५६ |
| २४ | | | **खर्च शिर्षक फरक**<br>महालेखा नियन्त्रकको कार्यालयको एकीकृत आर्थिक सङकेत तथा वर्गीकरण र व्याख्या २०७४ को खर्च सङकेत अनुसार सम्बन्धित खर्च शिर्षकबाट मात्र बजेट खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा कार्यालयहरुमा विद्युत् जडान तथा वाइरिङ शिर्षकमा बजेट विनियोजन गरेकोमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुने विद्यालय भवन निर्माण आयोजनाबाट वडा कार्यालयहरुको लागि रु.११०१८१। खर्च लेखेको नियम सम्मत नदेखिएको रु. | ११०,१८१ |
| २५ | | | **ह्याचरी मेसिन अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी २०७८।१२।२४ को कार्यपालिका बैठकबाट करार सेवा शुल्क शिर्षकमा विनियोजित बजेट रकमान्तर गरी जंगल एकिकृत कृषिफार्मलाइ कालिज र लोकल कुखुराको प्रजाती उत्पादन गर्न ह्याचरी मेसिन खरिद बापत कृषक मुकेश राईलाई रु.३०००००। भुक्तानी गरेको छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्नुपर्नेमा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखी तथा सामानको दिगो उपयोगको व्यवस्था नमिलाई चालु खर्च शिर्षकमा विनियोजित बजेट रकमान्तर गरी व्यक्तिलाई बस्तुगत अनुदान वितरण गर्ने कार्य उचित नदेखिएको रु. | ३००,००० |
| २६ | | | **पाइप खरिद** | |
| २६.१ | | | सार्वजिनक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापिकितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । कार्यालयले गाउँपालिका | १,९०२,३४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चालु र पूँजिगत गोश्वारा भौचर नं. ५१४ र २०५ बाट खानेपानी आयोजनाका लागी हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्सबाट रु.९९४६१४। र राधा इन्टरप्राइजेजबाट रु.५०७७२६। समेत रु.१९०२३४०। मूल्यको विभिन्न साइजका १६,३५८ मीटर पाइप खरिद गरेकोमा सो पाइप कार्यालयको जिन्सी खातामा अभिलेख नरहेको र कुन कुन योजनाहरुमा प्रयोग भएको हो सोको प्रमाण संलग्न नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | |
| २६.२ | | | आयकर नियमावली २०५८ बमोजिम पटके ढुवानी बापत १० प्रतिशतको दरले भाडा कर कट्टा गर्नुपर्ने उल्लेख छ। कार्यालयले पाइप ढुवानी बापत वडा नं.२ का विर बहादुर आलेलाइ रु.१५००००। भुक्तानी गरेकोमा भाडा सम्झौता गरेको छैन भने भाडा भुक्तानी गर्दा कर कट्टा नगरेकोले करकट्टी गर्नुपर्ने रु. | १५,००० |
| २७ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न कर्मचारी र संस्थालाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु. | ५२५,००० |

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने व्यक्तीको नाम | जम्मा रु. |
|---|---|---|---|
| २०७८/१०/२७ | २४ | अम्बर बहादुर राउत | २५००० |
| २०७८/१०/२७ | २५ | सुवासचन्द्र घिमिरे | २५००० |
| २०७८/१०/२७ | २५ | हर्क बहादुर मगर | २५००० |
| २०७८/१०/२७ | २६ | तिलक बहादुर मगर | २५००० |
| २०७८/१०/२८ | २९ | मिना कुमारी राई | २५००० |
| २०७८/१०/२८ | ३० | मदीसरा राई | २५००० |
| २०७८/११/१५ | ३९ | मंगल बहादुर मगर | २५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/११/१६</td><td>४१</td><td>अम्बी थापा मगर</td><td>२५०००</td></tr>
<tr><td>२०७८/११/१६</td><td>४१</td><td>हिरा कुमारी राई</td><td>२५०००</td></tr>
<tr><td>२०७८/११/१६</td><td>४३</td><td>दल बहादुर मगर</td><td>२५०००</td></tr>
<tr><td>२०७८/११/१६</td><td>४३</td><td>मन कुमार मगर</td><td>२५०००</td></tr>
<tr><td>२०७८/१२/१०</td><td>४६</td><td>उदय बहादुर मगर</td><td>२५०००</td></tr>
<tr><td>२०७८/१२/१०</td><td>४६</td><td>जित बहादुर राई</td><td>२५०००</td></tr>
<tr><td>२०७८/१२/१०</td><td>४८</td><td>पदम बहादुर मगर</td><td>२५०००</td></tr>
<tr><td>२०७८/१२/२५</td><td>५४</td><td>कृष्ण कुमारी राई</td><td>२५०००</td></tr>
<tr><td>२०७९/०३/१३</td><td>४३९</td><td>नवराज बञ्जारा</td><td>१५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५२५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
ट्रान्सफर्मर खरिद<br>
सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम कार्यालयले खरिद आवश्यकताको पहिचान गरी खरिद योजना बनाउनुपर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम २० लाख सम्मको खरिद तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले खरिद आवश्यकताको पहिचान र खरिद योजना बेगर निम्न फर्महरुबाट रु.१८२९९४२ मूल्य बराबरका ३ वटा ट्रान्सफर्मर खरिद गरेकोमा सोको गुणस्तर परिक्षण, वारेन्टीको व्यवस्था तथा ट्रान्सफर्मर जडानको कार्यसम्पन्न प्रतिवेदन श्रेस्ता साथ संलग्न गरेको छैन। ठेक्का मार्फत विद्युतिकरण गरेको अवस्थामा खरिद आवश्यकताको पहिचान, गुणस्तर परिक्षण र जडानको प्राविधिक मूल्याङ्कन बेगर सोझै खरिद गरेको नियम सम्मत देखिएन । ट्रान्सफर्मरको गुणस्तर परिक्षण र प्राविधिक मूल्याङ्कनको प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ.नं</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
</table>
</td><td>१,८२९,९४२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २११-२०७९।३।२४ — यू.के.एस इञ्जिनियरीङ कन्स्ट्रक्सन — ४८०८१०<br>२१२-२०७९।३।२४ — सोहन कन्स्ट्रक्सन — ९८८४३३<br>नारायण निर्माण सेवा — ३६०६९९<br>जम्मा — १८२९९४२ | |
| २९ | | | **मूल्य अभिवृद्धि कर** | |
| २९.१ | | | आन्तरिक राजस्व विभागको २०७६।२।२७ र महालेखा नियन्त्रक कार्यालयको पत्रानुसार ठेक्का मार्फत निर्माण व्यवसायीसंग कार्य गराएकोमा विजक रकमको मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुने रकम कट्टा गरी कार्यालयले राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका कार्य निर्माण व्यवसायीसंग ठेक्का मार्फत गराएकोमा भुक्तानी भएको मूल्य अभिबृद्धि करको ३० प्रतिशतले हुने रकम कट्टा गरी राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला गरेको वा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ८५,९३६ |

| २११-२०७९।३।२४ | यू.के.एस इञ्जिनियरीङ कन्स्ट्रक्सन | ४८०८१० |
|---|---|---|
| २१२-२०७९।३।२४ | सोहन कन्स्ट्रक्सन | ९८८४३३ |
| | नारायण निर्माण सेवा | ३६०६९९ |
| | जम्मा | १८२९९४२ |

| गौ.भौ.नं. मिति | फर्मको नाम | विल रकम | ३०% मू.अ.कर |
|---|---|---|---|
| २११-२०७९।३।२४ | यु.के.यस इञ्जिनियरिङ कन्स्ट्रकसन | ४८०८१० | १६५९४ |
| २१२-२०७९।३।२४ | सोहन कन्स्ट्रक्सन | ९८८४३३ | ३४११४ |
| | नारायण निर्माण सेवा | ३६०६९९ | १२४४९ |
| २२२-२०७९।३।२५ | योजना निर्माण सेवा | १७५२२१ | २२७७९ |
| | जम्मा | | ८५९३६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.२</td><td>१७७</td><td>२०७९-३-१५</td><td>गो.भौ.नं.१७७-२०७९।३।१५ कार्यालयले स्वर्गिय गोकुल ध्वज तामाङको शालिक निर्माण कार्यको लागि रु३२४४७३। को लागत अनुमान तयार गरी यङ्जोम निर्माण सेवा मार्फत कार्य गरी मू.अ.कर सहित रु२८२०००। भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बापत रु ३२४४२। कट्टा गर्नुपर्नेमा ९७५०। मात्र कट्टा गरेकोले बाँकी कर रकम रु२२६९२। असुल हुनुपर्ने रु</td><td>२२,६९२</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>रिटेन्सन मनी<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम रकम भुक्तानी गर्दा रिटेन्सन मनी वापत विल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुबाट निर्माण कार्य गरेकोमा ५ प्रतिशत रिटेन्सन मनी बापत रु.४२७३३। कट्टा गर्नुपर्नेमा कट्टा गरेको छैन। ऐनमा उल्लेखित व्यवस्था बमोजिम रिटेन्सन मनी कट्टा गरी भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।
<table>
<tr><td>फर्मको नाम</td><td>कार्य विवरण</td><td>विल रकम</td><td>धरौटी रकम</td></tr>
<tr><td>योजना निर्माण सेवा</td><td>नौले चिलाउने सडक निर्माण योजना</td><td>१७५२२१</td><td>८७६१</td></tr>
<tr><td>विकि विल्डर्स एण्ड</td><td>विजुवा विजुनी मन्दिर निर्माण</td><td>४२९८८८</td><td>२१४९४</td></tr>
<tr><td>यङ्जोम निर्माण सेवा</td><td>स्व. गोकुलध्वज तामाङ सालिक निर्माण</td><td>२४९५५८</td><td>१२४७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कन्टेन्जेन्सी खर्च<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९, कार्यक्रम कार्यान्वयन मार्गदर्शन को बुदाँ नं १.२(र) बमोजिम संघिय अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तह मार्फत विद्यालयलाइ उपलव्ध हुने अनुदान रकममा कन्टिन्जेन्सी बापतको रकम कट्टा नगरी तोकीएको रकम सम्बन्धित विद्यालयको खातामा उपलव्ध गराउनुपर्ने र योजनाको लागि थप खर्च गर्नुपर्ने भएमा स्थानीय तहले आन्तरिक श्रोतबाट कन्टेन्जेन्सी खर्च व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। कार्यालयले पालिकाको लागि आवश्यक विद्युत सामाग्री खरिद बापत गो.भौ.नं. १८७ बाट रु.९९१४०।, अनुगमन तथा भ्रमण भत्ता बापत गो.भौ.नं. १८८ र १९४ बाट रु.८२,४००। र पलाङ र म्याट्रेस खरिद बापत गो.भौ.नं १९५ बाट रु.४१२४५। समेत रु.२२२७८५। खर्च गरेको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुने विद्यालय</td><td>२२२,७८५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भवनहरुको आयोजना व्यवस्थापन खर्च बापत छुट्याएको कन्टेन्जेन्सी रकम अन्य प्रयोजनमा खर्च गरेको नियम सम्मत नदेखिएको रु | |
| ३२ | | | **अनुगमन तथा सम्परीक्षण—** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट संपरीक्षणका लागि पेश गरेको छैन । बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |